# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०९।१३ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ग कि.न.४० ज.वि.१-१८-११, वडा नं. ३ग कि.नं.४१ ज.वि.०-४-१० गरी ज.वि.२-३-१ को जग्गा अन्जनी बनिँयाको नाममा रहेकोमा उक्त जग्गा हाल साविक गर्दा ज.वि.०-६-६.५ को सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाममा घुसाई २-९-७.५ कायम गरी अनियमितता भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नापी कार्यालय भैरहवाका नापी अधिकृत घनश्याम दुवे र नापी सर्वेक्षक शौकात अली खाँ तथा मालपोत कार्यालय भैरहवाका ना.सु. बलराम श्रेष्ठ र वडा सचिव धनेशचन्द्र गुरूङ समेतले अन्जनी बनियाँले श्रेस्तापूर्जा अद्यावधिक गरी पाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा उक्त जग्गाको स्थलगत सर्जमिन गरी उल्लेखित जग्गामा सरकारी सार्वजनिक जग्गा घुसेको छैन भनी साविकमा भन्दा २३२९.६८ वर्ग मिटर सार्वजनिक सरकारी जग्गा निज अन्जनी बनियाँको नाममा हालसाविक गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिन आएकोले निजहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन साथै जग्गाधनी अन्जनी बनियाँले साविक बमोजिमको क्षेत्रफल कायम हुने गरी जग्गा हालसाविक गराउनु पर्नेमा सो नगरी उक्त सरकारी सार्वजनिक जग्गा आफू समेतको संलग्नतामा आफ्नो नाममा दर्ता गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता